नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

ताप्लेजुङ

प:सं. ०७७।७८

प्रदेश नं. १, नेपाल
मिति : २०७८।०१।१९

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ताप्लेजुङ

## ताप्लेजुङ जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश (निषेधाज्ञा)

विश्वभर फैलदैं गईरहेको नयाँ भेरियन्टको कोभिड-१९ महामारी नेपालमा समेत फैलिएको र पछिल्ला दिनहरुमा ताप्लेजुङ जिल्लामा समेत संक्रमण तीव्र रुपमा बढिरहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि संक्रामक रोग ऐन, २०२० को दफा २(२) र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी ताप्लेजुङ फुङलिङ नगरपालिका क्षेत्रको दोभान, हान्द्रुङ, दगुर्ने, थुम्मा, सिस्ने, फक्ताङलुङ गाउँपालिका वडा नं. ३ लिङखिम वारी फुरुम्वु क्षेत्र, सिकैचा वारी फावाखोला क्षेत्र, सुकेटार आसपास, पाथीभरा याङवरक गाउँपालिका जाने बाटो कामीडाँडा र काबेली खोलाको चार किल्ला भित्र मिति २०७८।०१।२० गते सोमबार साँझ ६:०० बजेदेखी मिति २०७८।०१।२७ गते राती १२:०० बजेसम्म निषेधाज्ञाको आदेश जारी गर्ने र निषेधाज्ञाको अवधि भर देहाय बमोजिमको आदेश पालना गर्न/गराउन सम्वन्धित सबैमा सूचित गरिन्छ ।

देहाय :-

१. सर्वसाधारणका लागि

- अत्यावश्यक काम वाहेक घरवाट वाहिर ननिस्कने ।
- नेपाल सरकारद्वारा तोकिएको भौतिक दुरी, स्वास्थ्य तथा सुरक्षाको मापदण्ड पालना गर्ने, नियमित रुपमा सावुन पानिले हात धुने, अनिवार्य माक्सको प्रयोग गर्ने र स्यानिटाईजरको प्रयोग गर्ने ।
- कुनै पनि भेला, जुलुस, सभा सम्मेलन, छलफल गोष्ठी नगर्ने ।
- हाट मेला, जात्रा, महोत्सव, पार्टी, भोज लगायत भिडभाड हुने कार्य नगर्ने ।
- अत्यावश्यक काममा बाहेक कोहिपनि घर बाहिर ननिस्कने र १० बर्ष भन्दा मुनि तथा ६० बर्ष भन्दा माथीको उमेरका व्यक्तिहरु तथा दिर्घरोगीहरु घर बाहिर ननिस्कने ।
- Covid-19 को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकका स्वास्थ्य संस्था वा सम्बन्धित स्थानीय तहमा सम्पर्क राख्ने ।

२. कार्यालय सञ्चालन सम्बन्धमा

- सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था, बिमा एवं राष्ट्र बैंकबाट इजाजत प्राप्त सहकारी संस्थाहरुले आफ्नो कार्यालय र कर्मचारीहरुको अवस्था हेरी सम्बन्धित माथिल्लो निकायको स्वीकृती लिई आलोपालो सेवा वा अत्यावश्यक सेवा बाहेक अन्य सेवा हाललाई स्थगित गर्ने।

३. सभा सम्मेलनको हकमा

- सबै प्रकारका सभा, सम्मेलन, गोष्टी, सेमिनार, मनोरन्जन स्थल, शैलुन, ब्युटि पार्लर, जिमखाना, समूहमा खेल्ने खेलकुद, पुस्तकालय आदी संचालन गर्न नपाईने ।

प्रमुख जिल्ला अधिकारी

४. सार्वजनिक एवं निजी सवारी साधन सञ्चालनको हकमा

- सार्वजनिक एवं निजी सवारी साधन टयाम्पो समेत मिति २०७८।०१।२० गते सोमबार साँझ ६:०० बजेदेखी मिति २०७८।०१।२७ गते राती १२:०० बजेसम्म ताप्लेजुङ दोभान, हान्द्रुङ, दगुर्ने, थुम्मा, सिस्ने, फक्ताङलुङ गाउँपालिका वडा नं. ३ लिङखिम वारी फुरुम्बु क्षेत्र, सिकैचा वारी फावाखोला क्षेत्र, सुकेटार आसपास, पाथीभरा याङवरक गाउँपालिका जाने बाटो कामीडाँडा र काबेली खोलाको चार किल्ला भित्र अत्यावश्यक काममा आवात जावात गर्नुपरेमा जिल्ला प्रशासन कार्यालयको अनुमती लिएर मात्र गर्ने ।
- अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, स्वास्थ्य, खाद्यन्न, तरकारी, फलफुल, दुध तथा दुधजन्य पदार्थ, मासु तथा मासुजन्य बस्तु बोकेका सवारी साधन, बैंक, वित्तिय संस्था, दुरसंचार, विद्युत, ईन्टरनेट, क्वारेन्टीन, आईसोलेसन, फोहोरमैला व्यवस्थापन, कुरियर तथा डाक सेवा लगायतका ढुवानी तथा यातायातका साधन कारण खोली संचालन गर्न पाउने ।

४. अत्यावश्यक खाद्य सामग्रीको हकमा

- औषधी तथा स्वास्थ्य सामाग्री सम्वन्धी पसल बाहेक अन्य पसल व्यवसाय निषेधाज्ञाको अवधिभर बन्द गर्ने ।
- खाद्य सामाग्री, औषधी पसल जस्ता अत्यावश्यक सेवाका व्यवसाय सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने ।

५. नेपाल सरकारका कर्मचारी बैंक तथा बितिय सस्था र अन्य अत्यावश्यक सेवामा कार्यरत कर्मचारीले प्रयेग गर्ने निजी सवारी सधानका हकमा कार्यालयले जारी गरेको परिचयपत्रको आधारमा आवत जावत गर्न दिने।

६. सञ्चारकर्मी/पत्रकारहरुको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्दा सूचना बिभागले जारी गरेको परिचयपत्र वा नेपाल पत्रकार महासंघले जारी गरेको परिचयपत्र वा आफु कार्यरत सञ्चारगृहले जारी गरेको परिचयपत्रको आधारमा स्वास्थ्य तथा सूरक्षाको अनिवार्य पालना गरी आवत जावत गर्न दिने ।

७. विवाह, ब्रतबन्ध तथा अन्य धार्मिक कार्यहरु आयोजनाका लागि बढीमा १५ जना (दुलाहा/दुलही सहित) भन्दा बढी नहुने गरी सहभागि हुन पाउने र उक्त कार्यका लागि पार्टी प्यालेस प्रयोग गर्नुपर्ने भएमा जिल्ला प्रशासन कार्यालयवाट अनुमती लिनुपर्ने ।

८. विवाह/ब्रतबन्ध जस्ता कार्यक्रममा सहभागि भइ अन्यत्र जिल्लामा जानु/फर्कनु पर्ने भएमा सवारी साधानमा बढिमा ४ जनासम्मको लागि स्थानीय तहको सिफारिस सहित जिल्ला प्रशासन कार्यालयवाट अनुमती लिनुपर्ने ।

९. आदेशको व्यवस्था उल्लघंन गर्ने, अवहेलना गर्ने वा काममा वाधा पुऱ्याउने व्यक्तिलाई संक्रामक रोग नियन्त्रण ऐन २०२० तथा प्रचलित कानून बमोजिम कारवाही गर्ने ।

१०. निषेधाज्ञा जारी भएको क्षेत्र भित्र रहेका सम्पूर्ण शैक्षिक संस्थाको परीक्षा सहितका गतिविधि अर्को सूचना जारी नभए सम्मका लागि सञ्चालन नगर्ने ।

०७८।०१।१९

..................

उमेश पाण्डे

प्रमुख जिल्ला अधिकारी

आज मिति २०७८ साल बैशाख १९ गतेका दिन कोभिड १९ संकट व्यवस्थापन केन्द्र COVID-19 (District Covid Crissic Managemeant center) DCCMC ताप्लेजुङको बैठक समितिका संयोजक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बसी देहायको उपस्थितीमा निम्न बमोजिमको निर्णय गरियो ।

सल्लाहकार

१. जि.स.स.प्रमुख श्री घनेन्द्र मादेन

२. नगर प्रमुख श्री छत्रपति प्याकुरेल

३. नगर उपप्रमुख श्री बम बहादुर भट्टराई

आमन्त्रित

| सि.नं. | पद | नाम थर | कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १. | नगर अध्यक्ष | श्री कुमार मादेन | नै.क.पा. एमाले | |
| २. | | श्री | नेपाली कांग्रेस पाटी | |
| ३. | | श्री | ने.क.पा.माओवादी केन्द्र | |
| ४ | सचिव | श्री दुर्गा प्र. न्यौपाने | जनता समाजवादी पाटी | |
| ५ | | नेकपा (एकीकृत) | | |

उपस्थिति

| सि.नं. | पद | नामथर | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | प्र.जि.अ. | श्री उमेश पाण्डे | जिल्ला प्रशासन कार्यालय | |
| २. | स्था.वि.अ. | श्री आत्मराम न्यौपाने | जिल्ला समन्वय समिति | |
| ३. | सेनानी | श्री राजन बस्नेत | भीमकाली गुल्म | |
| ४. | प्र.ना.उ. | श्री बाल नरसिंह राणा | जिल्ला प्रहरी कार्यालय | |
| ६. | प्र.अ.अ. | श्री दुर्गा प्रसाद चापागाई | रा.अ.जि.का. | |
| ५ | स.प्र.नि. | श्री कुलबहादुर भण्डारी | सशस्त्र प्रहरी बल, नेपाल १ नं. गुल्म, हे.क्वा. कन्चनजंघा | |
| ७. | नि.मे.सु. | श्री डा. सोनिङ लामा | जिल्ला अस्पताल | |
| ८. | ज.स्वा.प्रमुख | श्री राजकुमार पोखरेल | जि.जनस्वास्थ्य कार्यालय | |
| ९. | ज. अधिकृत | श्री प्रतिमा खरेल | " " | |
| १० | उ.प्र. | श्री योगेश्वर भट्टराई | शिक्षा विकास तथा समन्वय ईकाइ | |
| ११. | मान्त्र | श्री विकास गौतम | नेपाल रेडक्रस सोसाइटी | |
| १२. | | श्री तारानाथ घिमिरे | ताप्लेजुङ उद्योग बाणिज्य संघ | |

| | | | | |
|---|---|---|---|---|
| १२. | | श्री | ताप्लेजुङ उद्योग वाणिज्य संघ | |
| १३ | | श्री | पत्रकार महासंघ | |
| १४ | | श्री | प्याब्सन ताप्लेजुङ | |
| १५ | अध्यक्ष | श्री खड्ग बिक्रम सुवेदी | गै.स.स. महासंघ | |
| १६ | | श्री रोनाराज गुरागाई | कान्तिपुर दैनिक | |
| १७ | | श्री बसन्त पालुङ्वा | रेडियो ताम्बे | |
| १८ | | श्री भुवन आचार्य | NTV | |
| १९ | | श्री रोहित कु. थापा | जि.ट्रा.प्र.का. ताप्लेजुङ | |
| २० | | श्री | | |
| २१ | | श्री | | |
| २२ | शा.अ. | श्री सूर्यप्रसाद दाहाल | जिल्ला प्रशासन कार्यालय | |

निर्णय नं. १

अघिल्लो बैठकमा भएका निर्णयहरुको समिक्षा र बिश्लेषण गरियो ।

निर्णय नं. २

विश्वभर फैलदैं गईरहेको नयाँ भेरियन्टको कोभिड-१९ महामारी नेपालमा समेत फैलिएको र पछिल्ला दिनहरुमा ताप्लेजुङ जिल्लामा समेत संक्रमण तीब्र रुपमा बढिरहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी ताप्लेजुङ फुङलिङ नगरपालिका क्षेत्रको दोभान, हान्द्रुङ, दगुर्ने, थुम्मा, सिस्ने, फक्ताङलुङ गाउँपालिका वडा नं. ३ लिङखिम वारी फुरुम्बु क्षेत्र, सिकैचा वारी फावाखोला क्षेत्र, सुकेटार आसपास, पाथीभरा याङवरक गाउँपालिका जाने बाटो कामीडाँडा र काबेली खोलाको चार किल्ला भित्र मिति २०७८।०१।२० गते सोमबार साँझ ६:०० बजेदेखी मिति २०७८।०१।२७ गते राती १२:०० बजेसम्म निषेधाज्ञाको आदेश जारी गर्ने र निषेधाज्ञाको अवधि भर देहाय बमोजिमको आदेश पालना गर्न गराउन सम्वन्धित सवैमा अनुरोध गर्ने ।

देहाय :-

१. सर्वसाधारणका लागि

- अत्यावश्यक काम वाहेक घरबाट बाहिर ननिस्कने ।

- नेपाल सरकारद्वारा तोकिएको भौतिक दुरी, स्वास्थ्य तथा सुरक्षाको मापदण्ड पालना गर्ने, नियमित रुपमा साबुन पानिले हात धुने, अनिवार्य माक्सको प्रयोग गर्ने र स्यानिटाईजरको प्रयोग गर्ने ।
- कुनै पनि भेला, जुलुस, सभा सम्मेलन, छलफल गोष्ठी नगर्ने ।
- हाट मेला, जात्रा, महोत्सव, पार्टी, भोज लगायत भिडभाड हुने कार्य नगर्ने नगराउने ।
- अत्यावश्यक काममा बाहेक कोहिपनि घर बाहिर ननिस्कने र १० बर्ष भन्दा मुनि तथा ६० बर्ष भन्दा माथीको उमेरका व्यक्तिहरु तथा दिर्घरोगीहरु घर बाहिर ननिस्कने ।
- Covid-19 को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकका स्वास्थ्य संस्था वा स्थानीय तहमा सम्पर्क राख्ने ।

२. कार्यालय सञ्चालन सम्बन्धमा

- सरकारी कार्यालय, बैंक तथा बित्तीय संस्था, बिमा एवं राष्ट्र बैंकबाट इजाजत प्राप्त सहकारी संस्थाहरुले आफ्नो कार्यालय र कर्मचारीहरुको अवस्था हेरी सम्बन्धित माथिल्लो निकायको स्वीकृती लिई आलोपालो सेवा वा अत्यावश्यक सेवा बाहेक अन्य सेवा हाललाई स्थगित गर्ने ।

३. सभा सम्मेलनको हकमा

- सबै प्रकारका सभा, सम्मेलन, गोष्टी, सेमिनार, मनोरन्जन स्थल, शैलुन, ब्युटि पार्लर, जिमखाना, समूहमा खेल्ने खेलकुद, पुस्तकालय आदी संचालन गर्न नपाईने ।

४। सार्वजिनक एवं निजी सवारी साधन सञ्चालनको हकमा

- सार्वजनिक एवं निजी सवारी साधन ट्याम्पो समेत मिति २०७८।०१।२० गते सोमबार साँझ ६:०० बजेदेखी मिति २०७८।०१।२७ गते राती १२:०० बजेसम्म ताप्लेजुङ दोभान, हान्द्रुङ, दगुर्ने, थुम्मा, सिस्ने, फक्ताङलुङ गाउँपालिका वडा नं. ३ लिङखिम वारी फुरुम्बु क्षेत्र, सिकैचा वारी फावाखोला क्षेत्र, सुकेटार आसपास, पाथीभरा याङवरक गाउँपालिका जाने बाटो कामीडाँडा र कावेली खोलाको चार किल्ला भित्र अत्यावश्यक काममा आवात जावात गर्नुपरेमा जिल्ला प्रशासन कार्यालयको अनुमती लिएर मात्र गर्ने ।
- अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, स्वास्थ्य, खाद्यन्न, तरकारी, फलफुल, दुध तथा दुधजन्य पदार्थ, मासु तथा मासुजन्य वस्तु बोकेका सवारी साधन, बैक, वित्तिय संस्था, दुरसंचार, विद्युत, ईन्टरनेट, क्वारेन्टीन, आईसोलेसन, फोहोरमैला व्यवस्थापन, कुरियर तथा डाक सेवा लगायतका ढुवानी तथा यातायातका साधन कारण खोली संचालन गर्न पाउने ।

५. अत्यावश्यक खाद्य सामग्रीको हकमा

- औषधी तथा स्वास्थ्य सामाग्री सम्बन्धी पसल बाहेक अन्य पसल व्यवसाय निषेधाज्ञाको अवधिभर बन्दगर्ने ।

- खाद्य सामाग्री, औषधी पसल जस्ता अत्यावश्यक सेवाका व्यवसाय सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने ।

६. नेपाल सरकारका कर्मचारी बैंक तथा वितिय संस्था र अन्य अत्यावश्यक सेवामा कार्यरत कर्मचारीले प्रयेग गर्ने निजी सवारी सधानका हकमा कार्यालयले जारी गरेको परिचयपत्रको आधारमा आवत जावत गर्न दिने।

७. सञ्चारकर्मी/पत्रकारहरुको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्दा सूचना बिभागले जारी गरेको परिचयपत्र वा नेपाल पत्रकार महासंघले जारी गरेको परिचयपत्र वा आफु कार्यरत सञ्चारगृहले जारी गरेको परिचयपत्रको आधारमा स्वास्थ्य तथा सूरक्षाको अनिवार्य पालना गरी आवत जावत गर्न दिने ।

८. विवाह तथा व्रतवन्ध आयोजनाका लागि १५ जना (दुलाहा दुलही सहित) भन्दा बढी नहुने गरी सहभागि हुन पाउने र उक्त कार्यका लागि पार्टी प्यालेस प्रयोग गर्नुपर्ने भएमा जिल्ला प्रशासन कार्यालयवाट अनुमती लिनुपर्ने ।

९. विवाह / व्रतवन्ध जस्ता कार्यक्रममा सहभागि भइ अन्यत्र जिल्लामा जानु / फर्कनु पर्ने भएमा सवारी साधानमा बढिमा ४ जनासम्मको लागि स्थानीय तहको सिफारिस सहित जिल्ला प्रशासन कार्यालयवाट अनुमती लिनुपर्ने ।

१० आदेशको व्यवस्था उल्लघंन गर्ने अवहेलना गर्ने वा काममा बाधा पुर्याउने व्यक्तिलाई संक्रामक रोग नियन्त्रण ऐन २०२० तथा प्रचलित कानून बमोजिम कारवाही गर्ने ।

११ निषेधाज्ञा जारी भएको क्षेत्र भित्र रहेका सम्पूर्ण शैक्षिक संस्थाको परीक्षा सहितका गतिविधि अर्को सूचना जारी नभए सम्मका लागि सञ्चालन नगर्ने/नगराउने ।

१२ यस जिल्लामा कोभिड १९ संक्रमणको दर सँगै मृत्यू हुनेको संख्या समेत बढ्दै गएको कारण ताप्लेजुङ जिल्ला अस्पतालमा मेडिकल अधिकृत २ जना र प्यारोमेडिक्स/नर्सिङ स्टाफ ३/३ जना जनशक्ति उपलब्ध गराइदिन प्रदेश नं. १ सामाजिक विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

१३ यस जिल्लाको लागि भेन्टिलेटर १० थान, Bipap/Cpap Machine १० थान लाई अनुमानित रु.१ करोड र पिसिआर ल्याब सेटअप लाई अनुमानित रु.१ करोड गरी जम्मा रु.२ करोड उपलब्ध गराइदिन प्रदेश नं. १ सामाजिक विकास मन्त्रालय र केन्द्रिय संकट व्यवस्थापन केन्द्र CCMC लाई अनुरोध गर्ने निर्णय गरियो ।